# नेपाल लाइफको निःशुल्क स्वास्थ्य शिविर

काठमाडौं (अस) । नेपाल लाइफ इन्स्योरेन्सले स्थापनाको २५औं वार्षिकोत्सवको अवसरमा निःशुल्क स्वास्थ्य शिविर तथा बृहत् रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। सोमवार र मंगलवार कम्पनीले आफ्नो प्रधान कार्यालयमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको हो । सो अवसरमा स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराइएको थियो।




शिविरमाइसिजी,थाइराइड,सुगर, प्रेसर, एसजिपिटी, कोलस्ट्रोल, यूरिक एसिड लगायतका निःशुल्क चेकजाँच तथा विज्ञ डाक्टरबाट निःशुल्क परामर्श सुविधा प्रदान गरिएको थियो । शिविरबाट कुल ६०१ जनाले प्रत्यक्ष लाभ लिएको बताइएको छ । यससँगै कम्पनीले देशभरका ७ ओटै प्रदेशका १३ स्थानमा बृहत् रक्तदान कार्यक्रमसमेत सम्पन्न गरेको बताइएको छ।

कार्यक्रममार्फत कोशी प्रदेशको इटहरीमा ३०, मधेश प्रदेशको वीरगञ्जमा २५, जनकपुरमा २५, बागमती प्रदेशको काठमाडौंमा ७८, नारायणगढमा ८१, नुवाकोटमा ३९, हेटौंडामा २६, बनेपामा ३२, गण्डकी प्रदेशको पोखरामा ५५, लुम्बिनी प्रदेशको बुटवलमा ३३, भैरहवामा ३४, कर्णाली प्रदेशको सुर्खेतमा २५ र सुदूरपश्चिम प्रदेशको धनगढीमा ३३ गरी कुल ५०५ पिन्ट रगत संकलन गरिएको बताइएको छ।

## ऋण चुक्ता तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दि बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना ।

**प्रथम सुचना मिति : २०८२/१०/२८**
**दोस्रो सुचना मिति : २०८३/०१/२३**

यस संस्थाको तपशीलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि प्रथम सुचना मिति २०८२/०७/१८ गते प्रभाव दैनिक र दोस्रो सुचना मिति २०८३/०१/२३ गते यो ३५ दिने धितो लिलाम सम्बन्धमा सूचना आर्थिक अभियान दैनिकमा प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ। साथै संस्थाको साँवा, व्याज र हर्जना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्यखर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउदछौ। सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचलित कानुन-वमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा धनजमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ।

| क्र.सं. | ऋणीको तीन पुस्ते विवरण | जमानत दिनेको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १ | ऋणी : दावा लामा तामाङ<br>बुबा : टासी लामा तामाङ<br>बाजे : यो लामा तामाङ<br>ठेगाना : तिप्लिङ-०९, धादिङ। | नाम : आइत घले<br>बुबा : मान घले<br>बाजे : दावा घले<br>ठेगाना : रुवी भ्याली-०१, धादिङ। | दोरदोर-४, तनहुँ<br>वडा नं ४ ख<br>कि.न. १९३<br>क्षेत्रफल : १२-९-१-१ |

**लिलामी तालिका**
मिति : २०८३ जेष्ठ २६ गते मंगलबार
स्थान : संस्थाको कार्यालय
समय : बिहान ११:०० बजे दिउसो ३:०० बजे सम्म
प्रतिनिधि उपस्थित हुने समय : दिउसो ३:०० बजे

**धितो लिलामीका सर्तहरु:**
१. धितो लिलाम संस्थाले प्रकाशित गरेको ३५ दिने सार्वजनिक सुचना बमोजिम तोकिएको दिन हुने छ। उक्त दिन सार्वजनिक विदा परेमा विदा परेको दोस्रो दिन गरिनेछ।
२. लिलाम बिकी सकार गर्ने व्यक्तिले आफुले लिलाम सकार गर्ने रकमको १०% (दश) प्रतिशत रकम संस्थामा धरौटी स्वरुप अनिवार्य रुपमा दाखिला गर्नु पर्नेछ। दाखिला नगरेमा लिलाम सकार गरेको मानिने छैन।
३. सर्त नं. २ बमोजिम दाखिला गरेको (दश) प्रतिशत रकम बाहेक बाँकी हुन आउने रकम लिलाम सकार भएको मितिले सात दिन भित्र संस्थाको बैंक खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ तर उल्लेखित सात दिन भित्रमा बाँकी रकम दाखिला नगरेका सर्त नं.२ बमोजिम धरौटी बापत जम्मा गरेको रकम जफत भई लिलाम बिक्री सकार गरेका सम्पत्ति दा.खा. नामसारी गरिने छैन।
४. लिलाम बिक्री सकार भएको सम्पत्ति सम्बन्धित मालपोत कार्यालयबाट दा.खा. नामसारी गर्न लाग्ने सम्पूर्ण खर्च तथा दस्तुर लिलाम सकार गर्ने व्यक्ति, संघ संस्थाले तिर्नु व्यहोर्नु पर्नेछ।
५. कुनै विशेष कारणले तथा ऋणीले रकम चुक्ता गरेमा लिलाम स्थगित गर्ने अधिकार संस्थामा निहित हुनेछ।
६. लिलाम बिकीको बारेमा विस्तृत जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ।

"हाम्रो वचन नै सुरक्षित बचत तथा लाभ"
**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
**Bachan Saving & Credit Co-operative Ltd.**
जि.पि.ओ. बक्स: १३७०८, का.म.न.पा. वडा नं.-३०, डिल्लीबजार, काठमाडौं, नेपाल, फोन: ०१-४५३४३२०, ४५३५००१९
E–mail: info@bachansaving.com.np, savingbachan@gmail.com, Web: www.bachansaving.com.np

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, नौबिसे शाखाको ७ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८३/०१/२३ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ साल असार महिना ०३ गतेको 'राजधानी' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्ने बारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल कात्तिक महिना २६ गतेको 'नागरिक' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** तथा **मिति २०८२ साल चैत्र महिना १९ गतेको 'आर्थिक' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **१५ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखित सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

| क्र.सं. | ऋणीको नाम, थर र ठेगाना : |
|---|---|
| १. | डण्डपाणी आचार्यको नाती, गौरी प्रसाद आचार्यको छोरा, धादिङ जिल्ला, कुम्पुर गा.वि.स./उ.म.न.पा. वडा नं. ०७ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, सिद्धलेख गा.पा. वडा नं. ०७ बस्ने **नारायणप्रसाद आचार्य** । |
| **व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :** | |
| १. | चिरन्जीवी अधिकारीको छोरी, नारायणप्रसाद आचार्यको श्रीमती, नुवाकोट जिल्ला, तारूका गा.वि.स./उ.म.न.पा. वडा नं. ०२ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, सिद्धलेख गा.पा. वडा नं. ०७ बस्ने **अम्बीका अधिकारी** । |
| **धितो सुरक्षणको विवरण :** | |
| १. | **नारायणप्रसाद आचार्य**को नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला, कुम्पुर गा.वि.स./न.पा. वडा नं. ७ स्थित (नक्सा सिट नं. ७/क) को कित्ता नं. १४८० र १४८२ को क्रमशः ०-८-१-२ र ०-२-१-१ (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**
१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा कुनै पनि शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लेखित चल तथा अचल सम्पत्ती मध्ये आफ्नो इच्छा अनुसार कुनै एक, वा केही वा सबै सम्पत्तीको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय नौबिसेमा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८३ साल वैशाख महिना २९ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**
**मिति : २०८३ साल वैशाख महिना ३१ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

**सानिमा बैंक** www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

## तेजस्वी बचत तथा ऋण सहकारी संस्था लि.

**कागेश्वरी मनोहरा न.पा. ६, मूलपानी, काठमाडौं ।**

### ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता गर्न आउने बारे ७ दिने सार्वजनिक सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०१/२३ गते)**

यस संस्थाका तपसिलमा उल्लेखित ऋणी सदस्यले तपसिलमा उल्लेखित अचल सम्पत्ति सुरक्षण बापत धितो राखी संस्थाबाट कर्जा लिएको, कर्जा लिँदाका बखत गरेको लिखत सम्झौता बमोजिम संस्थालाई बुझाउनु पर्ने कर्जाको साँवा/ब्याज लगायतका सम्पूर्ण लेना रकम तोकिएको समयभित्र नबुझाएको र पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत संस्थामा बुझाउनु पर्ने रकम नबुझाई आलटाल गरेकोले संस्थालाई बुझाउनु पर्ने कर्जाको साँवा/ब्याज लगायतका सम्पूर्ण रकम यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र चुक्ता गर्न यो सूचना पुन प्रकाशित गरिएको छ। भाखाभित्र रकम दाखिला हुन नआएमा कर्जा उपभोग गर्ने क्रममा यस संस्थाको नाममा दृष्टिबन्धक रोक्का रहेकोले कर्जा तमसुक, शर्त कबुलियतनामा र सहकारी ऐन, २०७४ को दफा ७९ र ८३ र सहकारी नियमावली २०७५ को नियम ३० मा भएको व्यवस्था बमोजिम धितो लिलाम बिक्री गरी असुली प्रक्रिया अगाडी बढाइने जानकारी गराउँदै यथासिघ्र कर्जा भुक्तानी गर्न/गराउन हुन विशेष अनुरोध गरिन्छ। यसबाट तपाईंको सामाजिक प्रतिष्ठामा पर्न जाने असुविधाप्रति संस्था जवाफदेही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| क्र.सं. | ऋणीको नाम र ठेगाना | धितो सुरक्षणको विवरण | व्यक्तिगत जमानीकर्ता | ऋणीको फोटो |
|---|---|---|---|---|
| १. | यशोदा बुढाथोकी<br>ना.प्र.नं. ८११६४।२११०१८<br>रामेछाप<br>जारी मिति : २०६३।०९।१७<br>बुवा : शेषराज बुढाथोकी<br>बाजे : बखत बहादुर बुढाथोकी<br>पतिको नाम : भोजराज खड्का | थली, डाँछी १ग<br>कित्ता नं. १२५<br>क्षेत्रफल ०-४-०-० | नारायण दंगाल<br>ना.प्र.नं. ४९२०५/११३६०५<br>सिन्धुपाल्चोक<br>जारी मिति : २०६०/०५/९<br>बुवा : तुला प्रसाद दंगाल<br>बाजे : सुर्यकान्त दंगाल |  |

## सूचना अद्यावधिक तथा प्रकाशन गरिएको सम्बन्धी नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको सूचना

**(२०८२ माघ १ देखि २०८२ चैत्र ३० गते सम्म)**

**सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम यस बैंकसँग सम्बन्धित देहायका सूचना सूचिकृत गरी प्रकाशन गरिएको छ।**

**क. निकायको स्वरुप र प्रकृति :**
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम संचालित पूर्वाधार विकास बैंक ।

**ख. निकायको काम कर्तव्य र अधिकार :**
बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ तथा नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरुको लागि जारी गरेको एकीकृत निर्देशन - २०८२ बमोजिमका काम कर्तव्य र अधिकार रहेको छ ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
हाल कार्यरत कर्मचारी संख्या २९ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ। व्यवस्थापन समूहको नाम र पद https://www.nifrabank.com मा हेर्न सकिन्छ ।

**घ. निकायबाट प्रदान गरिने सेवा :**
नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरुको लागि जारि गरेको एकीकृत निर्देशन - २०८२ अनुसार बैंकले प्रदान गर्न सक्ने सम्पूर्ण सेवाहरु ।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
यस बैंकले हालसम्म केन्द्रीय कार्यालय मार्फत मात्र कारोवार गर्ने/गराउने गरेको तथा बैंकको शाखा कार्यालयहरु नभएको । बैंकको रजिष्टर्ड कार्यालयको ठेगाना र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाइट https://www.nifrabank.com मा उपलब्ध छ ।

**च. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकमा सम्पर्क गरी वा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको वेवसाइट https://www.nifrabank.com बाट प्राप्त गर्न सकिनेछ ।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकको कारोवारको सम्बन्धमा विभिन्न प्रकारका निर्णय विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने व्यवस्था/प्रकृया मिलाइएको छ ।

**ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि कानून विभागका प्रमुखलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको नाम तथा ठेगाना यस प्रकार रहेको छ ।

**श्री इश्वर बन्धु गौतम**
(प्रमुख - कानुन विभाग)
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड, बानेश्वर-१०, काठमाण्डौं, फोन नं. ९७७ -१-४७९४१९७/४७९०८१८,
इमेल : iswor.gautam@nifrabank.com

**झ. सम्पादन गरेको कामको विवरण :**
नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरुको लागि जारि गरेको एकीकृत निर्देशन - २०८२ बमोजिम पूर्वाधार विकास बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भैरहेका छन् ।

**ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद :**

**सूचना अधिकारी :**
**श्री सुवर्ण कुमार सिंह**
**(प्रमुख जोखिम एवं अनुपालन अधिकृत)**
इमेल : information.officer@nifrabank.com
ठेगाना : नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.,
बानेश्वर-१०, काठमाण्डौं,
फोन नं. : ९७७ -१-४७९४१९७/४७९०८१८

**प्रमुखको नाम र पद :**
**श्री कृष्ण वहादुर अधिकारी**
**प्रमुख कार्यकारी अधिकृत)**
ठेगाना : नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.,
बानेश्वर-१०, काठमाण्डौं,
फोन नं. : ९७७ -१-४७९४१९७/४७९०८१८

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि :**
प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने त्यस मध्ये देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् :

१. बैंक तथा वित्तीय संस्था सम्वधी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय सस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. विनिमय अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
११. नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरुको लागि जारी गरेको एकीकृत निर्देशन -२०८२, आदि उपर्युक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु, नेपाल राष्ट्र बैंकका सम्पूर्ण निर्देशिका, परिपत्रहरु ।

**ठ. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै त्यस्तो विवरण बैंकको वेवसाइट https://www.nifrabank.com मा समेत उपलब्ध छ ।

**ड. तोकिए बमोजिम अन्य विवरण :**
बैंकले नियम अनुसार तोकिए बमोजिमका विवरणहरु समेत राष्ट्रिय स्तरको दैनिक पत्रिकाका साथै बैंकको वेबसाइटमा प्रकाशित गर्ने गरिएको छ ।

**साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय अनुसार रहेको छ**

**क. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण :**
आ.व. २०८०/८१ को वार्षिक साधारण सभा ।
**ख. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :** https://www.nifrabank.com
**ग. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**
कृषि सम्वन्धि परियोजनाको pipeline तयार गर्न FAO सँग USD ५०,०००/- को आर्थिक सहयोगको लागि सम्झौता भएको छ।
**घ. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन :**
यस बैंकले आ.व. २०८२/८३ को तेस्रो त्रैमासमा गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन निम्नानुसार रहेको छ :
१. विभिन्न पुर्वाधार परियोजनामा रु. ४६.८४ अर्ब बराबरको कर्जा स्वीकृत गरेको छ ।
२. सूचना अवधि सम्म बैंकको उर्जा ऋणपत्र, हरित उर्जा ऋणपत्र, र मुद्बति बचत मार्फत संकलन गरेको कुल स्रोत रु. १४.७२ अर्ब पुगेको छ ।
**ङ. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
सूचना वर्गीकरण गरिएको अवस्था नभएको, सूचना अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको छ ।
**च. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :**
सूचना माग सम्बन्धी निवेदन नपरेको ।
**छ. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :**
यस बैंकको वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाइटमा समेत प्रकाशन गरिएको छ। बैंकको त्रैमासिक आर्थिक विवरण, व्याजदर र अद्यावधिक सूचनाहरु राष्ट्रिय स्तरका दैनिक पत्रपत्रिकामा प्रकाशित गरी बैंकको वेबसाइटमा राख्ने गरिएको छ । साथै, बैंकले प्रदान गर्ने सेवा, सुविधाहरुको विवरण र सूचनाहरु समेत नियमित रुपमा बैंकको वेबसाइटमा अद्यावधिक गर्दै आएको छ ।

NIFRA
Nepal Infrastructure Bank Ltd.
समृद्ध नेपालको लागि
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त पूर्वाधार विकास बैंक)
कृष्ण टावर, बानेश्वर, काठमाडौं, नेपाल
फोन : ९७७-०१-४७९४१९७/४७९०८१८
www.nifrabank.com, Email: info@nifrabank.com

# 'नेशनल स्टुडेन्ट आन्ट्रप्रेनरशिप कम्पिटिशन' आयोजना गर्दै हल्ट प्राइज नेपाल



**अभियान संवाददाता**
काठमाडौं

हल्ट प्राइज नेपालले 'नेशनल स्टुडेन्ट आन्ट्रप्रेनरशिप कम्पिटिशन २०२६' आयोजना गर्ने भएको छ। ब्रिटिश काउन्सिल नेपाल र युबीए सोलुशन्स प्रालिको सहयोग तथा सहकार्य रहेको उक्त प्रतियोगिता २०८३ वैशाख २६ (२०२६ मे ९)मा हुने भएको हो।

प्रतियोगिता एकै दिन दुई चरणमा सञ्चालन गरिनेछ। पहिलो चरण ललितपुरको कुपण्डोलस्थित एम्बार्क कलेजमा हुनेछ भने ग्रान्ड फिनाले जावलाखेलस्थित सेन्ट जेभियर्स स्कुलमा आयोजना हुने आयोजकले जानकारी दिएको छ।

कार्यक्रमको नेतृत्व नेशनल को-अर्डिनेटर रियाज नेपालले गर्नेछन् भने सैशा श्रेष्ठ नेशनल कम्युनिटी को-अर्डिनेटरका रूपमा रहेका छन्।

देशभरका ४० भन्दा बढी कलेजबाट १६० भन्दा बढी विद्यार्थी उद्यमी प्रतियोगितामा सहभागी हुन सक्नेछन् । उनीहरूले यस वर्षको थिम 'अनलिमिटेड'मा रहेर सामाजिक उद्यमशीलतासम्बन्धी विचार प्रस्तुत गर्नेछन्, जुन संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्यसँग सम्बन्धित समाधानमा केन्द्रित हुनेछ।

प्रतियोगिताको राष्ट्रिय विजेता 'हल्ट प्राइज डिजिटल इन्क्युबेटर'मा प्रवेश गर्नुका साथै 'ग्लोबल एक्सेलेरेटर' हुँदै बेलायतको लन्डनमा हुने 'ग्लोबल फाइनल'सम्म पुग्ने जानकारी दिइएको छ।

गतवर्ष २०२५ मा सरस्वती बहुमुखी क्याम्पसकी श्रीशा पाण्डे नेतृत्वको टोली 'वायुदृष्टि'ले एआई-आधारित वायु गुणस्तर निगरानी तथा शुद्धीकरण प्रणाली प्रस्तुत गर्दै राष्ट्रिय उपाधि जितेको थियो, जसले यस वर्षका प्रतिस्पर्धीहरूका लागि बलियो मापदण्ड स्थापित गरेको आयोजकले बताएको छ।

हल्ट प्राइज विश्वकै सबैभन्दा ठूलो विद्यार्थी उद्यमशीलता प्रतियोगितामध्ये एक हो, जसले विजेता टोलीलाई १० लाख अमेरिकी डलर बीज पूँजी प्रदान गर्दछ।

# जनकपुरमा मिथिला हस्पिटालिटीको नयाँ प्रोजेक्ट

## २ अर्ब लगानीमा पाँचतारे होटेल बन्दै

काठमाडौं (अस) । चितवनमा रोयल टुलिप रिसोर्ट सञ्चालनमा ल्याएका गैरआवासीय नेपाली संघ (एनआरएनए)का पूर्वउपाध्यक्ष रामेश्वर शाहले जनकपुरधाममा आफ्नै नेतृत्वमा रहेको मिथिला हस्पिटालिटीअन्तर्गत पहिलो पाँचतारे होटल निर्माण गर्ने परियोजना अघि बढाएका छन् । चितवनको रोयल टुलिप रिसोर्ट सञ्चालनमा आएको मात्र ८ महीनाको अवधिमै शाहले नयाँ र परियोजनाको घोषणा गरेका हुन्।

देशको महत्त्वपूर्ण धार्मिकस्थल तथा पर्यटकीय नगरी जनकपुरमा होटल व्यवसाय फस्टाउँदो रूपमा रहेपनि अहिलेसम्म अन्तरराष्ट्रिय स्तरको आवास सुविधाको भने अभाव रहँदै आएको बताइएको छ। जनकपुर घुम्न आउने अतिथिलाई पूर्ण सुविधासहित अन्तरराष्ट्रियस्तरको आतिथ्यता प्रदान गर्ने लक्ष्यका साथ सञ्चालनमा ल्याउन लागिएको यस रिसोर्टको भूमि पुजन (शिलान्यास) सोमवार मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले गरेका हुन्। सो कार्यक्रममा प्रदेशका उद्योग वाणिज्य तथा पर्यटनमन्त्री कनिश पटेल, प्रतिनिधि सभा सदस्य मनिष झा, गैरआवासीय नेपाली संघ (एनआरएनए)का संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो, जनकपुर उपमहानगरपालिकाका प्रमुख मनोज शाह लगायतको उपस्थिति थियो।

यस परियोजनामा २ अर्ब रुपैयाँ लगानी हुने बताइएको छ । निर्माण कार्य ३ वर्षभित्र सम्पन्न गरी २०८६ सालको वैशाखमा होटललाई औपचारिक रूपमा सञ्चालनमा ल्याइने लक्ष्य राखिएको बताइएको छ। करीब २ लाख वर्गफिट (साढे २ बिघाभन्दा बढी) जग्गामा निर्माण हुने यस होटलको कुल निर्मित क्षेत्रफल १ लाख २० हजार वर्गफिट रहनेछ। होटलमा ८ विलासी सुइटसहित जम्मा १२४ कोठा निर्माण हुनेछन् र ३७२ बेडको व्यवस्था गरिने बताइएको छ । होटलमा शाहसहित पूर्व बैंकर ज्ञानेन्द्रप्रसाद ढुंगाना, व्यवसायी काजी लामा, सुदीप कुमार चौधरी, उदयकान्त झा समेतको लगानी रहनेछ।

# फोटो पत्रकार वन्तलाई 'सर्टिफिकेट अफ एक्सिलेन्स' अवार्ड




काठमाडौं (अस) । फोटो पत्रकार प्रदीपराज वन्त अन्तरराष्ट्रिय प्रतिष्ठित संस्था वर्ल्ड बुक अफ रेकर्ड्स लन्डनद्वारा सम्मानित भएका छन्। राष्ट्रिय समाचार समितिमा फोटो पत्रकारका रूपमा कार्यरत उनलाई उक्त संस्थाले 'सर्टिफिकेट अफ एक्सिलेन्स' अवार्ड प्रदान गर्दै सम्मानित गरेको हो।

नेपालको सामाजिक, राजनीतिक, सांस्कृतिक तथा पर्यटन क्षेत्रको प्रवर्द्धनमा पुऱ्याएको उल्लेखनीय योगदानको कदर गर्दै उनलाई उक्त सम्मान प्रदान गरिएको बताइएको छ। यो सम्मान ३० अप्रिल २०२६ मा काठमाडौंमा आयोजित २०औं अन्तरराष्ट्रिय समिट तथा अवार्ड समारोहका अवसरमा प्रदान गरिएको हो।

### बीमा प्राधिकरण

# इञ्जिनियरिङमा स्नातकोत्तर उत्तीर्णले पनि अध्यक्ष बन्न पाउने

काठमाडौं (अस) । अब इञ्जिनियरिङ विषयमा स्नातकोत्तर उत्तीर्ण गरेकाले पनि नेपाल बीमा प्राधिकरणको सञ्चालक समिति अध्यक्ष वा सदस्य बन्न पाउने भएका छन्। सरकारले केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ मार्फत बीमा ऐन, २०७९ संशोधन गर्दै यस्तो व्यवस्था गरेको हो।

यसअघि समितिको अध्यक्ष वा सदस्य हुन बीमा, मौद्रिक, बैंकिङ, वित्तीय, वाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन, तथ्यांकशास्त्र, गणित, अर्थशास्त्र वा कानून विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको उच्च व्यवस्थापकीय कार्य अनुभव हासिल गरेको हुनुपर्ने व्यवस्था थियो। अब त्यसमा 'इञ्जिनियरिङ' विषय पनि थपिएको छ। प्राधिकरणको अध्यक्ष वा सदस्य बन्न उच्च नैतिक चरित्र भएको र कानुनअनुसार अयोग्य घोषित नभएको समेत हुनुपर्ने व्यवस्था छ। बीमा ऐन संशोधन गरिएको उक्त अध्यादेश गत आइतवार प्रमाणीकरण गरिएको हो।